**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

बढैयातालगाउँपालिका

# बढैयाताल गाँउपालिकाको राजपत्र

खण्ड: क संख्या: ४ प्रमाणीकरण मिति: २०७४/१२/०९

**भाग-१**

**बढैयातालगाउँपालिका**

**२०७४ सालको ऐन नं.४**

## बढैयताल गाँउपालिकाको आकस्मिक कोष ऐन-२०७४

प्रस्तावना : गाँउपालिका अन्तरगत आकस्मिक कोषको स्थापनागरि कोष संचालन सम्बन्धि कानून आकस्मिक रुपमा आई पर्ने बिबिध खर्चको ब्यवस्थित बनाउन वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ कोउपदफा (१) को अधिकार प्रयोग गरी गाउँ सभाले यो ऐन जारी गरिएको छ ।

१. संक्षिप्तनाम र प्रारम्भ : (१) यस ऐनको नाम "बढैयाताल गाँउपालिका आकस्मिक कोष ऐन २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुने छ ।

२. परिभाषा : बिषयवा प्रसगंले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) "आकस्मिक" भन्नाले भुकम्प, बाढी, पहिरो, आगलागी, महामारी जस्ता प्राकृति तथा गैर प्राकृतिक विपद लगायतका आकस्मिक कारणबाट सिर्जना भएको बिशेष परिस्थिमा तत्काल गरिने आकस्मिक कार्यलाई सम्फनु पर्छ ।

(ख) "कार्यपालिका भन्नाले" भन्नाले बढैयाताल गाँउ कार्यपालिकालाई सम्फनु पर्छ ।

(ग) "गाँउ सभाभन्नाले" भन्नाले बढैयाताल गाँउ कार्यपालिकाको गाँउ सभालाइ सम्फनु पर्छ ।

३. स्थानीय तह आकस्मिक कोषको स्थापना : यस गाँउपालिकामा स्थानीय तह आकस्मिक कोषको नामले एउटा कोष स्थापनागरिने छ ।

४.स्थानीय तह आकस्मिक कोषमा जम्मा गरिने रकम : गाँउ सभाले प्रत्येक आ.व.मा विनियोजन ऐनमा नै समावेश गरिएको रकम जम्मा गरिने छ ।

५.स्थानीय तह आकस्मिक कोषको रकम थप गर्ने : आकस्मिक कोषको संञ्चित रकम बार्षिक रुपमा बिनियोजन ऐनमा बिनियोजन गरि थपगर्दै रकम जम्मा गर्दै लगिने छ ।

६.स्थानीय तह आकस्मिक कोषको संचालन : स्थानीय तह आकस्मिक कोष संचालनका लागि कार्यपालिकाले आवश्यक कार्यबिधि बनाई सञ्चाल नगर्नु पर्ने छ ।

७.स्थानीय तह आकस्मिक कोषको रकमखर्च गर्न सक्ने : दफा ६ बमोजिम कार्यविधि वनाई कार्यपालिकाको निर्णय बमोजिम स्थानीय तह आकस्मिक कोषको रकमखर्च गर्न सकिने छ ।

८.खर्चको रकम सोधभर्ना गर्नु पर्ने :दफा ७ बमोजिम खर्च गरेको रकम विनियोजन ऐन बमोजिम प्रत्येक आर्थिक वर्षको विनियोजन रकमबाट खर्च गर्नु पर्ने छ ।

९.बाधा अड्काउ फुकाउने अधिकार : ऐन कार्यान्वयनमा बाधा आई परेका फुकाउने अधिकार बढैयाताल गाँउ सभालाई हुने छ ।

(प्रमाणिकरण गर्ने)

नाम :- श्री लालबहादुर श्रेष्ठ

पदः- अध्यक्ष

बढैयाताल गाउँपालिका कार्यालय,

मैनापोखर ( बर्दिया)

प्रदेश नं. ५ नेपाल